# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



भविष्यका शाक्यमुनि बुद्ध श्वेत हात्तीको रूप लिई महामायादेवीको शरीरमा गर्भ प्रवेश गर्नुभएको दिन असार पूर्णिमा

वर्षः ४१, अङ्कः ३

बु.सं. २५६७, गुरु पुन्हि

# भिन्तुना ! भिन्तुना !! भिन्तुना !!!



## श्रद्धेय धम्मवती गुरुमां

*सासनधज धम्माचरिय, अग्ग महागन्थवाचक पण्डित*

अन्तर्राष्ट्रिय भिक्षुणी संघ नेपालया अध्यक्ष

**भिक्षुणी धम्मवती गुरुमां (९० वर्ष) गुइदँ वैशया जन्मदिंया**

उपलक्ष्ये वसपोलया भिं उसाँय् व ता आयु कामना यासे बुद्ध शासन चिरस्थाई यायग्‌ु ज्याय् वसपोलयापाखें निरन्तर मदिक्क हे योगदान प्राप्त जुयाच्वनेमा धका: आशिका यानाच्वना ।

## अन्तर्राष्ट्रिय भिक्षुणी संघ

धर्मकीर्ति विहार

श्रीघ:, न:घ:, काठमाडौं, नेपाल

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोनः ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोनः ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोनः ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोनः ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोनः ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६७

नेपाल सम्बत् ११४३

इस्वी सम्बत् २०२३

बिक्रम सम्बत् २०८०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**3rd JULY 2023**


| वर्ष- ४१ | अङ्क- ३ | गुरु पुन्हि | असार २०८० |
|---|---|---|---|





**न तं कम्मं कतं साधु - यं कत्वा अनुतप्पति**
**यस्स अस्सुमुखो रोदं - विपाकं पटिसेवति**

**गुकिया कर्मफल भोग याय् मालीगु बखते ताप कयाः मिखाय् जाय्क ख्वबि तयाः ख्वयाच्वने माली, अज्याःगु कार्य मयाय्गु असल ।**

**जुन कामको फल भोग्दा आँसु बहाएर पछुतो गर्नुपर्ने हुन्छ, त्यस्तो काम सज्जन व्यक्तिले नगर्नु नै बेस हुन्छ ।**

That deed is not well done of which a man must repent, and the result of which he receives crying and with a tearful face.

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | आवरण चित्र परिचय "गर्भधान स्वप्न" | – स.ना.गो., अनु. वीर्यवती गुरुमां | २ |
| ३) | सम्पादकीय- मन नै मुख्य | – | ३ |
| ४) | जस्तो बीउ त्यस्तै फल | – सत्यनारायण गोयन्का | ४ |
| ५) | स्नेही छोरी–९ "नेपालमा बुद्ध शासन" | – बर्मी भिक्षु र वे थ्वं महास्थविर | ७ |
| ६) | धर्म प्रचार र धर्मदूत तथा महासमय सूत्र र ज्याःपुन्हि ... ... | – शिशिल चित्रकार | १० |
| ७) | दुर्लभ प्रव्रजित जीवन मेरो अनुभव | – सुभद्रा स्थापित | १२ |
| ८) | भ्रष्टाचार निवारणया लागि बुद्ध शिक्षा | – त्रिरत्न मानन्धर | १३ |
| ९) | शिकागोय् नेपाः खंका बिज्याःम्ह डा. अनोजा गुरुमां | – केशरमान ताम्राकार | १५ |
| १०) | बूढा वर्ग | – सत्यमोहन जोशी | १६ |
| ११) | लोमंके थाकु गुरुमां धम्मवतीयात | – नातीकाजी महर्जन | १७ |
| १२) | भिक्षुणी धम्मवती गुरुमांया भिं बुदिंया भिन्तुना ! | – प्रेमलक्ष्मी तुलाधर | १७ |
| १३) | निराश छाय् ? | – भरतराज चित्रकार | १८ |
| १४) | धर्मकीर्ति गतिविधिहरू | – | १९ |
| १५) | Happy Life | - Lama Zopa Rinpoche | २२ |
| १६) | ABBOT | - Lekh Ratna Shakya | २३ |


*आवरण चित्र परिचय*

# गर्भधान - स्वप्न

**- आचार्य सत्यनारायण गोयन्का**

**अनुवाद- वीर्यवती गुरुमां**

सम्यक सम्बुद्ध भगवान् बुद्ध दीपङ्करको आशीर्वचन र भविष्यवाणी अनुसार असंख्य कल्पसम्म असंख्य जन्म लिइरहनु भएको अवस्थामा निश्चित समयमा निश्चित मात्रामा दश पारमिता (भवपार गर्नका लागि परम योग्यताहरू) परिपूर्ण गर्नुभई तपस्वी सुमेध ब्राह्मण देवलोकमा स्वेतकेतु देवताको नामले जन्मनुभयो ।

दश पारमिताहरू यसरी छन् –

दान, शील, नैस्क्रम्य, प्रज्ञा, वीर्य, क्षान्ति, सत्य, अधिष्ठान, मैत्री र उपेक्षा ।

दश पारमिता आवश्यक मात्रामा पूरा गरिसकेपछि अबको उहाँको जन्म अन्तिम जन्म हुनेछ । यस जन्ममा सम्यक सम्बोधि प्राप्त गर्नुभई भव संसारबाट सधैंको लागि विमुक्त हुनुहुनेछ ।

अहिलेको जन्मको लागि उहाँले उचित समय, स्थान कुल, गोत्र आदि छान्नुभयो र उचित माताको गर्भमा प्रवेश गर्नको लागि निश्चय गर्नुभयो ।

उक्त समय शाक्यराज शुद्धोदनका महारानी महामाया देवी सुख-शान्तिपूर्वक राज्यको शयनकक्षमा सुतिरहनु भएको थियो । निद्रित अवस्थामा उहाँले एक सपना यसरी देख्नुभयो –

"अत्यन्त सुन्दर श्वेत हात्तिले आफ्नो सुँडमा सुन्दर श्वेत कमलको फूललिई उहाँको कोठामा प्रवेश गरी उहाँ सुतिरहनु भएको शैय्यामा तीनपटक परिक्रमा गरी श्रद्धापूर्वक नमस्कार गर्दै मायादेवीको दाँया तर्फबाट शरीरमा प्रवेश गरी उहाँको कोखमा समावेश हुनुभयो ।

बोधिसत्वको यो अन्तिम गर्भशयन हो । गर्भको दौरानमा महामाया कामभोगबाट सधैंको लागि विरत रहनुभई सबै शील पालन गरिरहनु भयो । श्रमण परम्परा अनुसार सबै प्रकारका पूजन प्रार्थना कार्यबाट विरत रहनुभयो । उहाँले दश महिनासम्म कुशलतापूर्वक गर्भ पालन गर्नुभयो ।

***"स्मरणिय छ भविष्यका शाक्यमुनि बुद्ध यसरी श्वेत हात्तीको रूप लिई महामायादेवीको शरीरमा गर्भ प्रवेश गर्नुभएको दिन आषाढ पूर्णिमाको दिनलाई लिइन्छ ।"*** *- सं.*

## ▪ सम्पादकीय ▪

# मन नै मुख्य

भगवान् बुद्ध भन्नुहुन्छ –

हरेक क्षेत्रमा मन नै मुख्य भइरहेको हुन्छ। हामीले दुषित मनले युक्त भएर कुरा गरेको र काम गरेको नतिजा गाडाको पछाडि गह्रौं पांग्रा आए जस्तै दुःखले भरिएका घटनाहरूले हामीलाई पछ्याइरहेको हुन्छ। त्यसरी नै पवित्र र स्वच्छ मनले गरेको कुरा र कामको नतिजा हलुका छाँया हाम्रो पछाडि आइरहे जस्तै भाग्यरूपी घटनाहरूले हामीलाई पछ्याइरहेको हुन्छ।

तर पानीको स्वभाव रहेको हाम्रो मन धेरैजसो लोभ र द्वेष चेतनाको बसमा गई उकालो होइन ओरालोतर्फ डगुरीरहेको हुन्छ। फलस्वरुप लोभ चेतनाको बसमा गई छलकपट गरौं भए पनि धन सम्पत्ति मान, पद र प्रतिष्ठा आदि आफ्नो हात पार्ने तरखरमा लागिरहेका हुन्छौं। यदि यी लोभी इच्छा पूरा हुन सकेन भने क्रोध चित्त उत्पन्न हुने गर्छ। यस क्रोध चित्तको कारणले अरूलाई दुःख दिंदै अपराधपूर्ण कार्य गर्न पछि पर्दैनौं। यी सबै दुषित चित्तको प्रभाव हो। यी दूषित चित्तको कारणले संसारमा चोरी, डकैती, हत्या, हिंसा र बलात्कार जस्ता आपराधिक विकृतीपूर्ण कुकर्महरू भइरहेका देखिन्छन्। यस्ता दूषित चित्तले उत्पन्न गरिने दूषित रगत हाम्रो शरीरको लागि कति हानीकारक हुन्छ भन्ने विषयलाई हामीले थाहा पाउन सकिराखेका छैनौं। यस्तो अवस्थामा हाम्रो मन त जसरी भए पनि आफ्नो इच्छा पूरा गर्दै भौतिक सम्पत्ति हात पार्ने मौका छोप्नमा नै तल्लिन भइरहेका हुन्छौं, जुन सम्पत्ति मरेर जाने अवस्थामा सबै फालेर जान बाध्य हुन्छौं। यो शरीर त फालेर जानुपर्छ भने असत्यपूर्ण कार्य गरेर थुपारेको धन सम्पत्ति कसरी साथ लान सक्छौं र ?

प्रकृतीको नियमानुसार आफूलाई उक्त नियमको दायरामा राखी धर्मानुकूल मेहनत गरेर कमाइएको सम्पत्ति एक रुपैंया नै भए पनि त्यसको महत्व धेरै हुन्छ। तर अधर्मपूर्वक कमाइएको सम्पत्ति दाँया हातले लिएको बाँया हातबाट बगिरहेको हुन्छ। भनिएको छ, अधर्मपूर्वक कमाइएको सम्पत्ति आफ्नै सन्तान कुलतमा लागेर उनीहरूले सिद्धाई दिन सक्छ। आफूलाई र परिवारका कुनै एक सदस्यलाई रोग लागेर उक्त रोगको औषधीमुलो गर्दागर्दै सिद्धिने गर्छ। चोरी भएर सिद्धिनेछ। प्राकृतिक प्रकोपमा परेर सिद्धिन्छ आदि आदि। यसरी उक्त दूषित सम्पत्तिको कारणले मानसिक शान्ति प्राप्त गर्न असम्भव नै हुन्छ। तर रगत पसीनाको कमाईलाई सितिमिति चोरले समेत चोर्न सक्दैन।

यस प्राकृतिक नियमलाई हामी सबैले समयमा नै बुझ्न सकौं। बाँचुञ्जेल आफ्नो मनमा उत्पन्न भइराख्ने लोभ चेतना र उक्त चेतनाले उत्पन्न गराउने दुषित इच्छा पूरा नहुने अवस्थामा आउने क्रोधलाई हटाउन सकौं। म र मेरो, तँ र तेरो भन्ने मतभेदलाई हटाउन सकौं। जब हाम्रो मनले म कति दिन नै बाँच्न पाउँला र ? भन्ने संसारको अनित्य स्वभावलाई बुझ्न सकिनेछ, तब मात्र असत्य पूर्वक काम गरी मान, पदवी र धन सम्पत्ति प्राप्त गर्ने लोभ चेतना सिथिल भएर जानेछ। धर्मानुकुल प्राप्त भएको मान, पदवी र धन सम्पत्तीलाई मात्र महत्व दिने बानी बस्दै जानेछ। यस्तो चित्तलाई जगाउन सकेपछि मात्र हाम्रो शरीरको नशाहरूमा पवित्र रगत बग्नेछ। अनिमात्र त्यहाँ पुण्यले स्थान लिनेछ। बाँचुञ्जेल हामीले पनि यसरी नै पवित्र र निर्दोष चित्त उत्पन्न गर्दै जीवन सार्थक बनाउन सकौं। कर्म र कर्मफललाई बुझ्न सकौं। मरेर लान पाइने केवल राम्रो कार्यको राम्रो फल नराम्रो कार्यको नराम्रो फल मात्र रहेछ भन्ने प्राकृतिक नियमलाई बुझ्न सकौं।

भवतु सब्ब मंगलम्।



# जस्तो बीउ त्यस्तै फल

✍ सत्यनारायण गोयन्का

बोधिसत्व राजकुमार सिद्धार्थ गौतमको जन्म राजदरबारमा नभएर एउटा रूखमुनि, खुल्ला प्रकृतिमा, खुल्ला आकाशको मुनि भयो; जो व्यक्ति पछि सम्यक सम्बुद्ध हुनुभयो, अरहन्त हुनुभयो, वीतराग हुनुभयो, वीतद्वेष हुनुभयो, वीतमोह हुनुभयो, भवमुक्त हुनुभयो । उहाँले सत्यको खोजी गर्न, धर्मको खोजी गर्न पनि छ वर्षसम्म अँध्यारो गुफाहरूमा, वनका भित्र-भित्र ठाउँमा तपस्या गर्दै रहे । जब सम्यक-सम्बोधि प्राप्त भयो तब एउटा वृक्षमुनि, खुल्ला प्रकृतिमा, खुल्ला आकाशमुनि बस्न थाल्नुभयो ।

सम्यक सम्बोधि प्राप्त भएपछि संसारका दुःखी व्यक्तिहरू प्रति करुणा जाग्यो । समाजमा धर्मको नाममा जुन कर्मकाण्ड प्रचलित थियो मानिसहरू त्यही सम्प्रदायिक जञ्जालमा यस्तरी अल्झिएका थिए, भित्र-भित्र दार्शनिक मान्यतामा अल्झिएका थिए । धर्मको नाममा शरीरलाई यातना दिने, दुःख दिने काममा लागेका थिए । यी कार्यहरू धर्मबाट कोसौं टाढा थियो ।

यस्तो देखेर उहाँको मनमा करुणा जाग्यो, पहिलो पटक शुद्ध धर्म संसारमा वितरण गर्नुभयो; त्यो पनि खुल्ला प्रकृतिमा खुल्ला आकाशमुनि, रूखमुनि बसेर धर्मचक्र प्रवर्तन गर्नुभयो । अस्सी वर्षको पाकेको उमेरमा प्राण त्याग गर्नुभयो; त्यो पनि खुल्ला प्रकृतिमा, खुल्ला आकाशमुनि एउटा रूखमुनि रहेर । उहाँको जीवनको यी चारवटा महत्त्वपूर्ण घटना खुल्ला प्रकृतिमा नै भयो । त्यसैले उहाँले प्रकृतिको नियमलाई बुद्धिद्वारा र अभ्यासद्वारा खुब बुझ्नुभयो । बुद्धिद्वारा सत्यलाई जतिसुकै बुझे पनि त्यो व्यक्ति सम्यक सम्बुद्ध हुन सक्दैन । यसको लागि त आफूभित्रको सत्यलाई थाहा पाउनुपर्छ; तब मात्र आफूभित्रको विकारलाई निकालेर सम्यक सम्बुद्ध बन्दछ ।

यो प्रकृतिको नियमलाई थाहा पाउनु भनेकै धर्मलाई थाहा पाउनु हो, शुद्ध धर्मलाई जान्नु हो । प्रज्ञाद्वारा आफूभित्र हेरियो भने थाहा हुन्छ कि प्रतिक्षण भित्र केही न केही भइरहेछ; जस्तो कि बाहिरी संसारमा पनि केही न केही प्रतिक्षण बदलिरहेको छ । केही बनिरहेको छ र केही समयपछि नष्ट भइरहेको छ । यो क्रम अटूट रूपमा भइरहेको छ । त्यस समयको भाषामा यस प्रक्रियालाई 'भव' भनिन्थ्यो अर्थात् प्रतिक्षण केही भइरहेको छ । यो प्रक्रिया सजीवमा पनि निरन्तर चलिरहन्छ; त्यस्तै निर्जीव वस्तुमा पनि चलिरहन्छ । त्यसै कारण त यी वस्तुहरू समय आएपछि जीर्ण हुन्छन्, नष्ट हुन्छन् । यही त जीवनधारा हो, यही त भव संसरण हो । बन्छ फेरि बिग्रिन्छ, बन्छ फेरि नष्ट हुन्छ । जन्मिन्छ, मरण हुन्छ । कस्तो प्रवाह चलिरहेको ? जति पनि बनिन्छ ती बिनाकारण हुँदैन, त्यसको पछाडि कुनै न कुनै कारण छ; त्यसैले त नयाँ परिणाम आयो । कारण-परिणाम, बिनाकारण केही हुँदैहुँदैन । फेरि अघि बढ्यो भने थाहा हुन्छ कि एउटा कारणबाट जुन परिणाम आयो, त्यो परिणाम फेरि अर्कोको कारण बन्दछ । बीउबाट फल बन्दछ, फेरि फलबाट बीउ पैदा हुन्छ । यसरी यसको चक्र चलिरहन्छ, भव-संसरण भइरहन्छ ।

संसारमा जति पनि क्रियाकलाप हुन्छन् त्यसको कुनै न कुनै कारण हुन्छ । झ्वाट्ट हेर्दा फल रूखबाट आएको अथवा रूखमा फलेको झैं लाग्छ, तर अलि गहिरिएर सोच्यो भने थाहा हुन्छ कि फल त बीउबाट आएको हो । बीउ नभई फल आउँदैन, फल छ भने त्यसमा बीउ पनि अवश्य हुन्छ, फेरि त्यही बीउ ठूलो भएपछि फल दिन्छ । यसरी यो सारा प्रपञ्च चलिरहेको छ, यो भवचक्र चलिरहेको छ । विपश्यी साधकले यो कुरालाई राम्ररी जान्न थाल्छ, यो प्रपञ्चलाई आफ्नो अनुभवद्वारा थाहा पाउँछ । बाहिरको संसारमा यी बोट-बिरुवाको

संसारमा पनि जस्तो बीउ छ त्यस्तै फल आउँछ। त्यस्तै शरीरभित्रको संसारमा पनि जस्तो कर्मको बीउ छ त्यस्तै फल पाउँछ। यस नियमलाई कसैले पनि रोक्न सक्दैन, फेरबदल गर्न सक्दैन। जस्तो बीउ छ त्यस्तै फल आउँछ।

हामीले एकै खालको जमिनमा दुई प्रकारको बीउ रोप्यौं– एउटा बीउ उखूको छ र अर्को बीउ नीमको छ। एकै खालको माटो, त्यही हावा, त्यही घाम, त्यही पानी तर उखूको बीउबाट उखू नै उम्रिन्छ, त्यस्तै नीमबाट नीम नै उम्रिन्छ। यहाँ कसैले केही गरेको छैन। यहाँ कोही महात्मा-परमात्मा कसैले केही गरेको छैन। तर किन यस्तो भयो उखूमा उखू फल्यो जुन अत्यन्त गुलियो भयो। नीममा नीम उम्रियो जुन अत्यन्त तीतो भयो। यहाँ कुनै भगवान्को कृपाले उखू गुलियो भएको होइन; त्यस्तै भगवान् रिसाएकोले नीम तीतो भएको पनि होइन। प्रकृतिको नियम नै त्यस्तै कि जुन बीउको जस्तो स्वभाव-गुण छ त्यस्तै स्वभाव-गुण फलमा पनि आउँछ। यहाँ कसैले केही गर्नुपर्दैन।

बीउ रोप्ने समयमा होश गर्नु कि यदि मिठो फल मनपर्छ भने नीमको बीउ नरोप्नु, तीतो फल आएपछि रोएर-कराएर के फाइदा ? जतिसुकै रोए पनि अथवा जीवनभर रोए पनि जस्तो बीउ हो त्यस्तै फल आउँछ त्यसमा हेरफेर हुँदैन। पछि रुनुको साटो बीउ रोप्दा होश गर्नुपर्‍यो कि कतै नमिठो फल आउने बीउ त परेन। नमिठो फल आइसकेपछि अरूलाई हारगुहार मागेर हुँदैन, कुनै देवी-देवताको पूजा गरेर हुँदैन, ग्रह-दोष भनेर भाकल गरेर हुँदैन।

यो प्रकृतिको नियम हो। यो नियम सबैका लागि समान छ। बीउ रोप्ने व्यक्तिअनुसार फल आउँदैन, कुनै वर्गका लागि फरक नियम हुँदैन। तीतो बीउबाट तीतै फल आउँछ, मीठो बीउबाट मीठै फल आउँछ। जुनसुकै जात-जातीका मान्छे अथवा जुनसुकै रहन-सहनका मान्छे अथवा जुनसुकै देशका मान्छेले रोपे पनि उखू मीठो नै हुनेछ, यस नियममा केही हेरफेर हुँदैन।

कसैलाई यस्तो पनि लाग्ला कि म माथि कसैको कृपा भएको कारण मैले मीठो फल पाएको छु। यस्तो कृपाले केही भएको होइन, अन्यथा संसारमा सबैले मीठो-राम्रो मात्रै पाउने थियो, आफ्ना इच्छाअनुसार रमाउने नै थिए, सबैका इच्छाहरू पूरा हुने थिए। प्रार्थना त सबै गर्छन्; तर फल सबैले त्यही पाउँदैनन् किन ? यसलाई बुझौं, कहाँ अल्झिएको छ ? आफ्नो कर्म सुधार्नतिर लागौं। जस्तो मेरो कर्म त्यस्तै फल। हामी दुष्कर्म नै दुष्कर्म गरौं र फेरि आशा गरौं कि कसैले कृपा गरिहाल्छ। हजार दुष्कर्म गरे पनि मलाई अदृश्य शक्तिको कृपाको कारण राम्रो फल प्राप्त अवश्य हुन्छ भन्न थाल्यौं भने जीवन डुब्यो। शुद्ध धर्म समाजबाट विलुप्त हुनुको कारण नै यही हो कि धर्मको शुद्ध स्वरूपलाई भुल्दछ। शील पालन गर्नु, मनलाई वशमा पार्नु, प्रज्ञाद्वारा चित्तलाई निर्मल पार्नु यी सत्कर्म हुन्। यस्तो गर्ने व्यक्तिले दुष्कर्म गर्नै सक्दैन र असल फल नै प्राप्त हुन्छ। शील पालन गरेन, मन वशमा राखेन, मन निर्मल गरेन भने जुन कर्म गरे तापनि दुष्कर्म हुन जान्छ र त्यसको दुष्फल नै आउँछ। यो कुरालाई जति छिटो बुझ्यो त्यति फाइदा हुन्छ र उसले त्यति छिटो शुद्ध धर्मलाई बुझ्दछ। अब बुझ्दछ कि म दुष्कर्म गर्दिन, म तीतो बीउ रोप्दिन किनकि मलाई नमिठो मन पर्दैन।

आफूलाई मीठो फल चाहिन्छ भने बीउ रोप्दा होशियार हुनुपर्‍यो, यो त एकदम सही कुरा हो। आफूबाट त्यस्तो कुनै कर्म नहोस् जसबाट पछि आफूलाई हानिकारक हुन्छ, कष्टदायक हुन्छ। खूब होस् हुन थाल्छ, खूब सजग बन्न थाल्छ। उसले चाहे आफूलाई हिन्दू, बौद्ध, सिख, इसाई, अथवा जेसुकै भन आफू धार्मिक हुने भयो। अब दुष्कर्म गर्नबाट बच्ने भयो, सत्कर्म गरिने भयो। आफ्नो भलाईको काम गर्ने भयो र अरूको भलाईको सहायक हुने काम गर्ने भयो। सारा वातावरण धर्म-तरङ्गले भरिने भयो। धर्मको यो शुद्ध रूप जुन सबैका लागि उपयोगी छन्, जुन प्रत्येक व्यक्तिको हीतमा छ, जुन हरहमेसा गर्न सकिने हो र त्यत्तिकै फाइदाजनक छ, यसलाई बुझेर आफूले अपनाउनुपर्छ। यसबाट जीवन जिउने तरिका बदलिने छ। एक जनाले अपनायो भने एक जना स्वस्थ हुनेछ, सुखी हुनेछ। त्यस्तै एक-एक जना गरेर सारा समाज स्वस्थ हुनेछ, सुखी हुनेछ। जति सक्दो छिटो यो कुरालाई बुझियो, स्वीकार गरेर आफ्नो जीवनमा लागु गर्‍यो, जीवनमा मीठो फल पनि त्यति नै छिटो आउँछ। यसलाई बुझेन भने भट्कियो।

भगवान्को जीवनकालको एउटा घटना– एक जना व्यक्ति भगवान्लाई भेट्न आए। उनको बुबाको परलोक

भएको थियो। दुःखी बिचरा, भगवान् द्वारा आफ्नो पिताको लागि केही गराउन चाहन्थ्यो। अन्य सानातिना पूजारीहरू कर्मकाण्ड गरेर परलोक भइसकेका व्यक्तिको सद्‌गति, मुक्ति दिलाउने प्रथा समाजमा थियो। अब उहाँ त भगवान् सम्यक सम्बुद्ध, सर्वशक्तिमान्, महाकारुणिक, अरूभन्दा अति विशिष्ट, उहाँले केही गरिदिनुभयो भने त परलोक भएका व्यक्तिको सद्‌गति त अवश्य हुनेछ; भगवान्‌लाई बिन्ती गर्न थाले।

भगवान्‌ले उनलाई सम्झाउनुभयो, "होइन भाइ ! तिमीले यो प्रकृतिको नियमलाई बुझ्नु। प्रत्येक व्यक्ति आफ्नो कर्म आफैंले बनाउँछ र त्यसको फल पनि आफैंले भोग्दछ, अरूले के गर्न सक्छ र ?" तर त्यो व्यक्तिले यो कुरा बुझेन। भगवान्‌ले दुईवटा घैंटो मगाउनुभयो। भगवान्‌ले उनको बुबाको लागि केही गरिने भयो भनेर अति खुसी भए। भगवान्‌ले एउटा घैंटोमा घ्यू भर्न दिनुभयो र अर्कोमा ढुङ्गाका गोटी भर्न दिनुभयो। दुइटैको मुख बन्द गर्न लगाई पोखरीमा राख्न दिनुभयो। दुईटै घैंटा आ-आफ्नो तौलअनुसार पानीमा डुबे। अब लट्ठीले हानेर त्यसलाई फोड्न लगाउनुभयो। बिचरा त्यो व्यक्ति आफ्नो बुबाको सद्‌गतिको लागि अत्यन्त व्याकूल, अब बुबाले स्वर्गमा वास पाउने भयो भनेर अत्यन्त प्रशन्न हुँदै भगवान्‌को निर्देशनअनुसार काम गर्दै थिए। घैंटा फुटेपछि घ्यू पानीमा उत्रियो, गोटी पानीमा डुब्यो। अब, भगवान्‌ले भन्नुभयो, "तिमी यहाँ प्रार्थना गर्नु कि 'ए घ्यू ! तल जानु, तल जानु। ए गोटी ! पानीमाथि आउनु, माथि आउनु।"

"भगवान् तपाईं मलाई जिस्क्याउँदै हुनुहुन्छ। यो कसरी हुन्छ कि यो गह्रुङ्गो वस्तु पानीमाथि कसरी आउँछ, हलुको घ्यू कसरी पानीमा डुब्छ। यो प्रकृतिको नियम हो– गोटी जुन पानीभन्दा गह्रुङ्गो छ पानीमा तैरिन सक्दैन, त्यसैले पिंढमा रहन्छ। त्यस्तै घ्यू पानीभन्दा हलुको छ त्यो पानीमा तैरिन्छ, यो तल जान सक्दैन।"

भगवान्‌ले सम्झाउनुहुँदै भन्नुभयो, "ठीक त्यस्तै कोही व्यक्ति जीवनभर कङ्कड-पत्थरझैं काम गर्छ भने त्यो तल नै जानेछ, उसलाई कसले माथि ल्याउन सक्छ ? त्यस्तै सारा जीवन हल्का हुने घ्यूझैं काम गर्छ भने माथि नै रहन्छ, कसरी तल जान्छ ? उसको सद्‌गति नै हुन्छ। कसले उसको खुट्टा तान्छ र ? कर्म र फलको बीचमा अरू कसैले छेक्न सक्दैन, बाधा गर्न सक्दैन। जस्तो कर्म त्यस्तै फल आउँछ, जस्तो कर्म त्यस्तै फल आउँछ।"

यदि हामीलाई कसैले यस्तो कर्मकाण्ड गर्‍यो भने तिम्रो पाप नाश हुन्छ; यस्तो दार्शनिक मान्यता मान्यो भने तिम्रो कुकर्मको फल क्षीण हुन्छ; कुनै पर्व, उत्सव, तिर्थ गरेमा अथवा ब्रत-उपवास गरेमा पाप सकिन्छ भनेर हामी त्यसको पछि-पछि लाग्यो भने सत्कर्म गर्ने काम किन गर्नुपर्‍यो र ? कोही व्यक्ति आफ्नो कर्म सुधार्ने काम नै किन गर्छ ? शुद्ध धर्म धारण गर्ने काम नै किन गर्छ ?

जुन दिन यो दुष्कर्म गर्नाले मैले दुष्फल पाउँछ, यसबाट मलाई कसैले बचाउँदैन भन्ने बुझ्छ, उसले त्यस दिन दुष्कर्म गर्नबाट आफूलाई बचाउँछ। हरेक कर्म गर्दा सजग रहन्छ, आफूले कस्तो बीउ रोपिरहेको छ ? त्यस्तै जुन दिन सत्कर्म गर्नाले सत्फल पाउँछ भन्ने ज्ञान जाग्छ, तब सुकर्म गर्ने कामतिर सजग हुन्छ, मैले कस्तो बीउ रोपिरहेको छु, खूब सजग हुन्छ। बीउ रोप्ने समय सजग रह्यो भने फलको चिन्ता नै गर्नुपरेन। राम्रो-असल बीउ रोपेको छ भने असल फल अवश्य नै आउँछ। असल कर्म गरेको छ भने फल पनि अवश्य असल नै आउँछ।

धर्मको यस्तो सरल कुरा, यति सीधा कुरा। यसलाई किन गहन बनायो, हामी कहाँ फस्यौं। शुद्ध धर्म सबैले बुझुन्। सत्कर्म गर्नतिर लाग्नु, दुष्कर्म गर्नबाट बच्नु। आफ्नो मङ्गल हुने काम पनि गर्नु, अरूको मङ्गल हुने काममा पनि सहायक हुन सकौं। शुद्ध धर्म जजसले धारण गर्छ उनको मङ्गल हुनेछ, उनको कल्याण हुनेछ, उनको स्वस्ति हुनेछ, मुक्ति हुनेछ। ■

*(साभार : 'विपश्यना' बुद्ध वर्ष २५६१, वि.सं. २०७५ वर्ष३५, अङ्क१*




भिक्षुणी धम्मवती

# स्नेही छोरी (उपन्यास)

## *भिक्षुणी धम्मवती गुरुमांको जीवनमा आधारित*

## ९. नेपालमा बुद्ध शासन

*लेखक-* **वर्मी भिक्षु र वे थ्वं महास्थविर**
*नेपालभाषा अनुवाद-* **भिक्षु ज्ञानपुर्णिक**, *नेपालीभाषा अनुवाद-* **मोतीकाजी शाक्य**

बर्माको द्वितीय शहर मोलमिन स्थित खेमाराम नामको अनागारिकारामबाट गणेशकुमारी, मनोहरादेवी र शुभलक्ष्मीलाई बुद्ध–धर्म पढ्न आउन बोलावट आएको महिना दिन जति भइसकेको थियो । तर पासपोर्ट नभएको कारण उनीहरू त्यहाँ जान पाइरहेका थिएनन् ।

नेपालबाट हिन्दुस्थानसम्म जाने आइमाई र केटीहरूलाई चाहिने राहदानी, अन्तर्राष्ट्रिय राहदानी थिएन, मात्र एक किसिमको स्वीकृति पत्र थियो । गणेशकुमारी र उसका साथीहरूले कुशीनगर जान लिएको राहदानी पनि त्यही प्रकारको स्वीकृति पत्र मात्र थियो, अन्तर्राष्ट्रिय राहदानी थिएन । त्यस राहदानीको आधारमा बर्मा जान पाइँदैन थियो । त्यसैले स्थविर धम्मावुधले कुशीनगरबाट नजिक पर्ने कसिया स्थित सम्बन्धित सरकारी अड्डा मार्फत दिल्ली स्थित नेपाली राजदूतावासबाट उनीहरूका लागि बर्मा जान आवश्यक पासपोर्ट दिलाइपाउने कारवाही गराएको थियो । तर निकै लामो समय बितिसक्दा पनि कुनै ठोस परिणाम देखिनमा आएको थिएन । निवेदकहरूलाई साथमा लिएर भिक्षु धम्मावुध आफै दिल्ली जानुपर्ने देखिन आयो । तर त्यसबेला सम्ममा वर्षावास सुरु भइसकेको थियो । बर्षावासभर (आषाढ पूर्णिमा देखि आश्विन पूर्णिमा सम्म) भिक्षुहरूले यात्रा नगरी एकै बासस्थानमा बसिरहनु पर्ने विनयको नियम छ । यसरी गणेशकुमारी र उसका सँगिनीहरूले वर्षावासभर कुशीनगरमा नै बसिरहने धैर्य गर्नु परेको थियो ।

त्यस लामो समयको पर्खाइ खेर नफाल्न गणेशकुकारी तथा उसका साथीहरूले धम्मावुध स्थविरबाट पालि साहित्य र व्यावहारिक बर्मी भाषा पढ्न थाले । बुद्ध-धर्म सम्बन्धी उत्पन्न भएका जिज्ञासा मिटाउने अभिप्रायले उनीहरू कहिले काहीँ चन्द्रमणी महास्थविर कहाँ गएर त्यस विषय प्रश्न गर्न पनि जान्थे ।

एकदिन गणेशकुमारीले महास्थविर सामु निम्न जिज्ञासा ब्यक्त गरी– "भन्ते ! हाम्रो देशमा पनि परम्परा देखिनै बुद्ध धर्म चलि आइरहेको छ । त्यस्तै बर्मादेशमा पनि परम्परागत बुद्ध धर्म नै छ । तर मैले सुने–बुझेसम्म यी दुई देशमा प्रचलित बुद्ध-धर्ममा धेरै असमानता छन् । किन यसरी भिन्नता भएका होलान् ?"

"यसबारे यथार्थ रूपमा थाहा पाउन पूर्वाग्रह रहित भएर, वैज्ञानिक ढङ्गले बुद्धशासनको इतिहासलाई विश्लेषण गरेर हेर्ने सतप्रयास गर्नुपर्छ ।

बुद्ध सम्वत् १०० तिर वैशाली राज्यको वज्जीवासी भिक्षुहरूमध्ये केही भिक्षुहरूले भगवान बुद्धको बहु आयामी मूल उपदेशलाई एकोहरो दृष्टिकोणले मात्र बुझ्ने गम्भीर भूल गरेका थिए । त्यस गल्तीको कारण उनीहरूको चित्त वृत्तिमा अरू पनि अपरिपक्व विचारहरू पलाउन थाले । फलस्वरूप भगवान बुद्धद्वारा निर्देशित विनयका २२७ ओटा नियमहरूमध्ये दशओटा नियमहरूमा उनीहरूले आफ्नो अपरिपक्व धारणा सुहाउँने गरी परिवर्तन गर्ने दुस्साहस गरे ।

ती दशओता नियमहरूबारे पछि विनयपिटक पढ्ने बेलामा तिमीहरूले थाहा गर्नेछौ । अहिलेलाई दशओटा नियमहरू भनेर मात्र सम्झिराख्नु ।

स्वयम् भगवान बुद्धद्वारा सम्पूर्ण अर्हत् भिक्षुहरू लगायत सबै भिक्षुहरूका लागि निर्देशित विनय धर्ममा क्लेशाधीन ती भिक्षुहरूले आफ्नो अपरिपक्व विचार-धारणानुसार आफूखुसी परिवर्तन गर्नु राम्रो प्रवृत्ति थिएन । त्यस्तो प्रवृतिले प्रशय पाएमा बुद्धशासनको जगको रूपमा रहेको विनय धर्मको क्षय भई चाँडै नै बुद्धशासन लोप हुन जाने भय थियो । त्यसैले त्यस समयका नायक विनयधर महास्थविर महायशले त्यो प्रवृत्ति हटाउन त्यसताकाका

अनेक महास्थविरहरूमा द्वितीय सङ्गायन गराउने प्रेरणा जगाउन लाग्नुभयो । फलस्वरूप केही समय पछि नै १८० वर्ष उमेर पुग्नु भएका महास्थविर रेवत लगायत, सब्बकामी, साल, खुज्जशोभित, सम्भूत, वासभगामि सुमन र उहाँ महायश स्वयम् गरी जम्मा आठजना त्यस्ता महास्थविर, जुन महास्थविरहरूले बुद्धको दर्शन गर्ने सौभाग्य पाएका थिए, ती महास्थविरहरूको नेतृत्त्वमा जम्मा ७०० अर्हत् भिक्षुहरूको सभा बसी आठ महिनाको समय लगाएर द्वितीय सङ्गायन सम्पन्न भयो ।

द्वितीय सङ्गायन सम्पन्न भएपछि द्वितीय सङ्गायन- द्वारा तय भएका मूलरूपमा रहेका बुद्ध-वचनहरू स्वीकार गर्ने भिक्षुहरूको संख्या लाखौंमा थियो । त्यसैले संशोधनवादी वज्जीवासी भिक्षुहरू द्वितीय सङ्गायनपछि वैशालीमा टिक्न सकेनन् । उनीहरू वैशाली छोडेर उत्तरीय देश कौशाम्बीमा जान बाध्य भए । उनीहरूले त्यहाँ उनीहरूको संशोधित रायसँग सहमत हुने दश हजार भिक्षुहरू जम्मा गरे । अनि उनीहरूले पनि आपसमा सल्लाह गरेर एउटा संशोधित नीति तय गरे । त्यसपछि उनीहरूले द्वितीय सङ्गायनले तय गरेका बुद्ध-वचनहरूमा संशोधन गर्न नचाहने भिक्षुहरूलाई स्थविरहरूको कुरा मात्र मान्ने– स्थविरवादी अथवा थेरवादी भन्ने नामाकरण गरी आफूहरू स्वयम्लाई उनीहरूबाट अलगाई आफ्नो स्वतन्त्र अस्तित्व कायम गरे ।

कालान्तरमा त्यही संशोधित नीति अपनाउने भिक्षुहरूले बुद्ध-धर्मको प्रचार-प्रसार क्रमशः नेपाल, तिब्बत, चीन, जापान, कोरिया, मंगोलिया, आदि उत्तरीय राष्ट्रहरूमा बढाउँदै लगे । त्यसैले त्यस भेगमा प्रचलित बुद्ध-धर्मलाई पछिबाट उत्तर प्रदेशीय बुद्ध-धर्म भनिन लाग्यो ।

त्यस्तै नै स्थविरवादी भिक्षुहरूले बुद्ध-धर्मको प्रचार-प्रसार मूलत लङ्का, बर्मा, थाइलायण्ड, कम्बोडिया, लाओस आदि दक्षिण प्रदेशीय राष्ट्रहरूमा बढाउँदै लगेकाले त्यतातिर प्रचिलित बुद्ध- धर्मलाई दक्षिण प्रदेशीय बौद्ध-धर्म भनियो ।

यी दुई भिन्न प्रदेशहरूमा बुद्ध-धर्म प्रचार-प्रसार गर्ने भिक्षुहरूमा अघि भनिए झैं सुरुमा विनयका दशओटा नियमहरूमा मात्र भिन्नता भएको भएतापनि उत्तर-प्रदेशीय बौद्ध-धर्मका अनुयायीहरूले अपनाएको प्रचार नीतिमा मूल बुद्धोपदेशमै संशोधन गर्ने गलत प्रवृत्तिले जरो गाडेको हुनाले कालान्तरमा उनीहरूको प्रचार कार्यमा अनेकानेक विकृतिहरू थपिँदै गएको थियो ।

मानिसहरू विभिन्न चरित्र र सामर्थ्यका हुने हुनाले प्रत्येकले आफ्नै इच्छा र हिम्मत अनुसार रोजी लिन पाउने गरी भगवान बुद्धले बुद्धमार्ग, प्रत्येकबुद्धमार्ग र श्रावकमार्ग गरी तीनओटा निर्वाण मार्गहरू निर्देशन गर्नु भएको छ । तर उत्तर-प्रदेशीय बौद्ध-धर्मका अनुयायीहरूले सबैले बुद्धमार्ग मात्रै अपनाउनु पर्छ भन्ने जिकिर गर्न लागे । त्यही अनुरूप उनीहरूले बोधिचर्यामा मात्र जोड दिन थाले । यसरी बोधिचर्यामा मात्र जोड दिन थालेका उनीहरूले पछिबाट स्वयम् बुद्ध हुन बोधिचर्यामा लाग्नेले विनयको पावन्दिमा बस्नु पर्दैन । विनय त त्यस्ताका लागि मात्र बनाइएका हुन जस्मा बुद्ध हुने क्षमता थिएन । – भन्ने तर्क गर्न लागे ।

बुद्ध-धर्मको जगको रूपमा रहेको विनय सम्बन्धी यसरी तर्क गर्नु सरासर गलत हो । किनभने वर्तमान बुद्ध बोधिसत्त्व मात्र छँदा पहिलेका बुद्धहरूको पालामा भिक्षु हुनु भएको थियो । त्यो बेला उहाँले विनय धर्मको उलङ्घन गर्नु भएको थिएन । स्वयम् वर्तमान बुद्धको पालामा भावी बुद्ध मैत्रीय बोधिसत्वले भिक्षुत्व ग्रहण गर्नु भएको थियो । तर उहाँले पनि विनय धर्मको उलङ्घन गर्नु भएको थिएन । यसरी पारमिता पुगेका बोधिसत्वहरूले पनि उलङ्घन नगरेको विनय धर्मलाई पारमिता सुरु नै नगरेका, बोधिसत्व हुने चाहना मात्र गरेका तथाकथित बोधिसत्व या अरू कसैले पनि उलङ्घन गर्नु त्यो उच्छृङ्खलता मात्र हो, स्वेच्छाचारिपन मात्र हो ।

उत्तर प्रदेशीय बुद्ध-धर्मका अनुयायीहरूमा जरो गाडेको त्यही उछृङ्खलता, त्यही स्वेच्छाचारिपनले गर्दा उनीहरूले अन्तमा सम्पूर्ण विनय धर्मकै परित्याग गरेका थिए । विनयपिटकको परित्याग गरिसकेपछि उनीहरूले बाकी अरू पिटकका ग्रन्थहरूमा पनि बोधिसत्वको मात्र प्रभुत्त्व हुने गरी संशोधन गर्न थाले । अझ पछि त उनीहरूले सम्पूर्ण त्रिपिटककै परित्याग गरी बोधिचर्यालाई टेवा दिने खालका अनेकानेक नवग्रन्थहरू लेखी त्यसैको मात्र प्रचार प्रसार गर्न थाले ।

उनीहरूको यस प्रकारको स्वेच्छाचारिपनका लागि

एउटा अप्रत्यक्ष अड्चन थियो, स्थविरवादीहरूको अस्तित्व । त्यसैले आफ्ना अनुयायीहरूको संख्या बढाउन र आफ्नो पंडित्याँइको धाक जमाउन उनीहरूले आफू एक्लै निर्वाण हुने प्रयासमा लाग्ने प्रत्येकबुद्धमार्ग र श्रावकमार्गीहरू तुच्छ, नीच हुन भन्ने अफवाह फैलाउन लागे । उनीहरूले आफै आफूलाई महायानी र थेरवादीहरू चाहिं हीनयानी भनेर आफ्नै भाइ बन्धुमा वर्गभेद ल्याउने अनावश्यक जमर्को पनि गरे ।

कालान्तरमा गएर उनीहरूले ब्राह्मणवाद जस्तो अवैज्ञानिकता, ईश्वरवाद र अन्धविश्वासमा आधारित धर्म सँगको प्रतिद्वन्दमा लागेर, आफूहरूले पनि तथाकथित आदि बुद्ध र सुखावती भुवन नामक बुद्धलोकको कल्पना गरी भगवान बुद्धलाई एउटा अवतारको रूपमा प्रस्तुत गर्ने कार्य पनि गरे । हुँदा हुँदै उनीहरू भौतिक सुख-शान्तिका लागि लौकिक देव-देवीहरूको स्तुतिमा अनेकानेक तन्त्र, मन्त्रको श्रृजना गर्नमा पनि लागे । यसरी उनीहरू क्रमशः गिर्दै गई अन्तमा ब्राह्मणवादीहरूकै हाराहारीमा पुग्न गए ।

तर दक्षिणी राष्ट्रहरूमा प्रचार हुन गएको थेरवादी बुद्ध-धर्मका अनुयायीहरूले आजसम्म पनि त्रिपिटकको रूपमा सङ्कलित बुद्ध-वचनहरूमा र अन्य अर्थकथाहरूमा संक्षिप्तिकरण र विस्तृतिकरणसम्म पनि नगरी मूल रूपमा नै धारण गर्दै आइरहेका छन् । त्यसैले उत्तर प्रदेशीय बुद्ध-धर्म र दक्षिण प्रदेशीय बुद्ध-धर्म, दुबैको मूल एउटै भएर पनि यी दुई बुद्ध धर्ममा अनेक भिन्नता देखिएका हुन् । तर उत्तर प्रदेशीय बुद्ध-धर्ममा पछिबाट लेपलाप गरिएका आवरणहरू हटाएर हेर्नेहो भने त्यहाँ प्रचलित बुद्ध-धर्ममा पनि मूलतः बुद्धका मूलभूत उपदेशरू नै निहित भएको हामी पाउने छौं ।"

महास्थविर चन्द्रमणीको उक्त व्याख्यान सुनीसकेपछि त्यस व्याख्यान प्रति सहमति जनाउँदै त्यसबेला त्यहाँ उपस्थित नेपाली भिक्षु बुद्धघोषले यसरी भन्नुभयो– "भन्ते ! नेपालका बुद्ध-धर्मावलम्बिहरूमध्ये केहिले आफ्ना पुर्खाहरूको त्यो गल्ती सुधार्न बुद्ध-धर्मको मूलरूपमा रहेको त्रिपिटकको अध्ययन र प्रचार-प्रसार गर्न भरमग्दूर प्रयास गरिरहेका छन् । कतिपय साहसी युवकहरू लङ्का र बर्मा जस्तो थेरवादी बौद्ध-देशमा गई त्रिपिटकको अध्ययन गर्नमा लागिरहेका छन् । गृह-त्याग गरी भिक्षु संस्था स्थापना गरी त्यस मार्फत् थेरवादी बुद्ध-धर्म प्रचार-प्रसार गर्ने प्रयास गरिरहेका छन् । अनि यी केटीहरू पनि त्यही सामुहिक प्रयासमा सक्दो योगदान गर्ने लक्ष्यले नै बर्मा जाने साहस गरिरहेका हुन् ।"

नेपाली भिक्षु बुद्धघोषबाट बुद्धको जन्मभूमी नेपालमा थेरवादको पुनरुत्थान गर्ने नवजागरण आउन लागेको छ भन्ने कुरो सुन्न पाउँदा आफूलाई खुशी लागेको कुरो महास्थविर चन्द्रमणीले व्यक्त गर्नुभयो । उहाँले गणेशकुमारी र उसका सँगिनीहरूलाई प्रेरणा दिंदै यसरी पनि भन्नुभयो– "भविष्य तिमीहरू जस्तै युवा-युवतीहरूकै उद्योगमा निर्भर छ । तिमीहरूले सच्चा हृदयले लगनशीलताकासाथ त्रिपिटकको गहिरो अध्ययन गर्ने निरन्तर प्रयत्न गरिरहनु पर्छ । तिमीहरूले जीवनभर लोभ, आलस्य र अहं रूपी मारमाथि विजय पाएर परियत्ति र प्रटिपत्ति शासन प्रचारमा निरन्तर लागिरहने प्रयास गर्नुपर्छ । तिमीहरूको वास्तविक कल्याण पनि त्यसैमा निहित छ ।"

गणेशकुमारी र उसका सहेलीहरूले महास्थविर चन्द्रमणीको निर्देशनलाई मनमनै शिरोधार्य गरे ।

*क्रमशः*

## भिंकाः ब्वनादीत इनाप

**धर्मकीर्ति पत्रिका वर्ष ४१, अङ्क १, पेज ज्याः ५४ स (अन्तर्राष्ट्रिय भिक्षुणी संघ पाखें देवदहलय् दयकूगु यशोधरा विहारयात "धर्मकीर्ति बसुन्धरा विहार वसुन्धरा" पाखें भिंद्वः व वस्वयाः अपो चन्दा ब्यूपिं दातापिनि नां धलः प्रस्तुती कुसुम गुरुमां) ज्वीमाःगुली अन्यथा जुयाच्वंगुलिं थुकी भिंकाः ब्वनादीत इनाप यानाच्वना ।**

**– सम्पादक मण्डल, धर्मकीर्ति पत्रिका ।**



# धर्म प्रचार र धर्मदूत तथा महासमय सूत्र र ज्याः पुन्हि : एक चर्चा

✍ **शिशिल चित्रकार**

भगवान बुद्धद्वारा देशित शिक्षाको प्रचार प्रसार, दैनिक जीवनमा प्रयोग प्रत्येक व्यक्तिको सुख समृद्धिकोलागि आजको समयमा झन आवश्यक देखिएको छ। बैशाख पूर्णिमामा बोधिज्ञान प्राप्त पश्चात असार पूर्णिमा प्रथम पटक धर्मचक्र प्रवर्तन ५ जना शिष्यहरूलाई दिनु भएको थियो। त्यस पछि अन्य ५ र थप ५० गरी ६० जनाको संघ भएपछि सवैलाई विभिन्न प्रदेश, देश देशान्तरमा शिक्षा प्रचार प्रसारकोलागि पठाउनु भएको इतिहास हुन।

तत् पश्चात् विभिन्न कालखण्ड, विभिन्न घटनाहरूको परिवेशबाट विभिन्न संगायनाहरूको मद्दतबाट हामीले त्रिपिटकमार्फत बुद्ध शिक्षा लिन पाइरहेको अवस्थालाई कम आक्न सकिदैंन। इतिहासको विभिन्न कालखण्डमा बुद्धशिक्षा लोप भइसकेको, नेपालको आधुनिक कालमा बुद्ध शिक्षाको प्रवेशको अवस्थामा संघर्षशीलताको इतिहास, भिक्षु, श्रामणेरहरूको पटक पटक देश निकालाको इतिहास हुँदै हालको अवस्था आएकोलागि विगतका ज्ञात अज्ञात पात्रहरू, सक्रिय, निस्क्रिय सहयोग योगदान दिएका सबै महानुभावहरू प्रति कृतज्ञताको भाव व्यक्त गर्नु सबै बौद्धमार्गीको ठूलो कर्तव्यनै भएकोमा दुईमत नहोला।

भगवान बुद्धको समयमा धर्मदूत, धर्म, शिक्षा प्रचार प्रसारको प्रचलन विभिन्न कालखण्डमा विस्तार भएझैं सम्राट अशोकको कालमा अझ संसारको धेरै भूभागमा विस्तार भएको देखिन्छ। विभिन्न पूर्णिमाहरू विभिन्न कारण र घटनाकोलागि स्मरण गरेझैं, ज्या पुन्ही (जेष्ठ पूर्णिमा), धर्म प्रचार प्रसार पुर्णिमाको रुपमा स्मरण गरी मनाइन्छ। यस अर्थमा बैशाख पूर्णिमा, असार पूर्णिमा - धर्मचक्र प्रवर्तन) झैं यो ज्या पुन्हीं ( जेष्ठ पूर्णिमा) बौद्धमार्गीहरूको लागि ठूलो पर्व भएकोमा शंका छैन।

यो शिक्षा प्रचार नभएको भए आज विश्वमा बुद्धशिक्षाको अस्तित्व नहुने हुन्थ्यो। यस अर्थमा पनि जुन व्यक्तिले जे जस्तो बुद्ध शिक्षा पाउन अवशर पाउनु भएको छ, सबैले यो कार्यप्रति सक्रिय निस्क्रिय योगदान दिनु भएका सबै महानुभावहरूप्रति पनि कृतज्ञता दिन आवश्यक थान्छ। यस बाहेक ज्या पुन्हीं (जेष्ठ पूर्णिमा) दिनको अर्को विशेषता वा महत्वको रुपमा वर्षभरीमा सबभन्दा लामो हुने दिन, यो दिनमा कुनै कार्य नगरेमा कार्य गर्न नसकिने, धर्म नगरेमा व्यक्तिले धर्म पालन गर्न नसकिने आदि इत्यादि जन विश्वास समेत छ। यस अर्थमा भए पनि यो दिनको पवित्रता, महानता र धर्म गर्न पर्ने सन्देश मूलक शिक्षा त श्रवण गर्न अवसर पाउनु पनि व्यक्तिको ठूलो अवशर नै मान्न सकिन्छ।

यो ज्या पुन्हीं (जेष्ठ पूर्णिमा) लाई अर्को विशेषताले पनि चिनिन्छ। भगवान् बुद्ध सर्व प्रथम कपिलवस्तु आगमन पश्चात् महावनमा ५०० अर्हत भिक्षु सहित बसी रहनु भएको थियो। त्यस बेलामा भगवान् गौतम बुद्धले महासमय सुत्र देशना गर्नु भएको थियो। यसमा विभिन्न देवलोकबाट असंख्य देवताहरू समेत भगवान बुद्ध र अर्हत भिक्षुहरूको दर्शन गर्न आएको, भगवान् बुद्धसंग महावनमा आई देवताहरूको महासमुह भेला भइरहेको, भगवान् बुद्ध, संघको दर्शनको महत्व आदि इत्यादीको प्रसङ्ग उल्लेख भएको पाउँछौं। सोही क्रममा भगवान बुद्धले भिक्षुहरूलाई विभिन्न देवलोकहरूबाट असंख्य देवताहरूको महावनमा भेला भइरहेको, हेर्न आज्ञा गर्नु भए पश्चात् अर्हत भिक्षुहरूले देवताहरू हेर्न सक्ने ज्ञान लाभ गरी हजारौं देवताहरूको दर्शन गरे। (साभारः महापरित्राण, सम्पादक भिक्षु सुदर्शन)।

यसरी विभिन्न पूर्णिमाहरू भिन्न भिन्न कारणले बौद्ध कालिन ऐतिहासिक महत्व छन, यसको गरीमा महतालाई आम जनमानसले स्वीकार र कृतज्ञता समेत व्यक्त गर्नु बौद्ध धर्मावलम्बिहरूको कर्तव्य पनि हुन आउँछ। तर

यी विशेष दिनहरू खाली सम्भना, पर्व त्योहारको रुपमा मात्र नमनाउने भइ, बुद्धशिक्षा, दर्शनको उपादेयेता आजको दैनिक घर व्यवहारमा झन आवश्यकता भएको छ । यसको प्रचार प्रचार र सामाजिक व्यवहारमा उतारी व्यक्ति, समाजको स्वच्छता, शान्ति कायमगर्न योगदान दिन समेत प्रत्येक बौद्ध धर्माबलम्वीहरूको ठूलो कर्तव्य हो । यो कर्तव्यको पालन गर्न यो ज्या पुन्हीं(जेष्ठ पूर्णिमा) ले सबैमा बुद्ध शिक्षा, दर्शन फैलाउने अवसरको रुपमा ग्रहण गर्न सकुन् र वास्तविक धर्मदुत दिवशको सम्भना र कार्यान्वयनमा अझ सकारात्मक बढोत्तरीको अपेक्षा सहित सबैमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

**मनोपुब्बङ्गमा धम्मा - मनोमेट्ठा मनोमया ।**
**मनसा चे पसन्नेन - भासति वा करोति वा**
**ततो नं सुखमन्वेति - छाया व अनपायिनी ॥**

अर्थ– जुन सुकै अवस्थामा पनि मन पहिला जाने भएकोले मन नै मुख्य हो, मन नै सबै ठाउँमा व्याप्त भएर बसेको छ। राम्रो नियत (मन) ले कुरा वा काम गर्ने व्यक्तिको पछाडि, आफूसँगै आउने छायाँ जस्तै सुख पछिपछि आउँछ। *(साभार भिक्षु अमृतानन्द, धम्मपद, पाली नेपाल भाषा)*






***पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु***
***पुण्य (कुशल कर्म) गर्दै जानु ।***
***आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥***
***यही नै बुद्धको उपदेश हो ।***

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4228625 / 4244173

**बिश्व मोटर ट्रेडर्स**
अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।
मोवाइल: ९८५१०५११३१, ९८५१०५११४७
**e-mail: vishwamotor@gmail.com**

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

# दुर्लभ प्रव्रजित जीवन मेरो अनुभव

✍ सुभद्रा स्थापित

**"पब्बजित भावो दुल्लभो"**

अन्तर्राष्ट्रिय भिक्षुणी संघ नेपालका अध्यक्ष सासनधज धम्माचरिय, अग्ग महागन्थवाचक पण्डित, भाषा थुवाः, श्रद्धेय धम्मवती गुरुमांको ७५ औं प्रव्रजित वर्षको उपलक्ष्यमा अन्तर्राष्ट्रिय भिक्षुणी संघ नेपालले पाँच (५) दिनको लागि अल्पकालिन दुर्लभ प्रव्रज्या कार्यक्रम सञ्चालन गरेको थियो ।

कार्यक्रममा ८ जना कुलपुत्रीहरू गुरुमां प्रव्रजित हुनुभएका थिए भने ६९ जना कुलपुत्रीहरू ऋषिणी प्रव्रजित हुनुभएका थिए । उक्त समूहमा म सुभद्रा स्थापित र मेरी दिदी सावित्री गुरुमां प्रव्रजित भएका थियौं ।

श्रद्धेय पञ्ञावती गुरुमांको संयोजकत्वमा सञ्चालित उक्त शिविर सञ्चालन हुनु अगाडि जेठ १४ गते हामी सबै धर्मकीर्ति विहारको धम्महलमा जम्मा भयौं । त्यसपछि श्रद्धेय धम्मवती गुरुमांको हातबाट कपाल खौरेर उहाँ समक्ष शील प्रार्थना गरी ७७ जना कुलपुत्रीहरू मध्ये ८ जना गुरुमां प्रव्रजित भयौं भने ६९ जना ऋषिणी प्रव्रजित भयौं । सोही दिन ५:३० बजे साँझ हामी सबै रिजर्भ बसमा बसी धर्मस्थली स्थित ध्यान केन्द्रमा पुग्यौं । उक्त ध्यानकेन्द्रको स्वच्छ र शान्त वातावरणले हामीलाई धेरै प्रभावित पाऱ्यो । यस ध्यान केन्द्रमा थाईलैण्डका भन्ते बस्नुहुन्थ्यो । उहाँ भन्तेबाट हामी सबै रहनको लागि आवश्यक व्यवस्था मिलाइएको थियो ।

यसरी शिविरमा भाग लिइसकेपछि मैले प्रव्रजित जीवन र गृहस्थ जीवनमा धेरै फरक अनुभव गरेकी छु । गृहस्थ जीवनमा धेरैजसो भोज भतेर र अर्काको देखासिकी, प्रतिस्पर्धात्मक रीतिरिवाज कार्यमा अलमलिरहनु पर्ने झन्झट आइपर्छ भने प्रव्रजित जीवन ती नचाहिंदो अनावश्यक झन्झटहरूबाट अलग्ग रही बुद्ध शिक्षालाई दैनिक जीवनमा अभ्यास गर्ने मौका मिलेको पाएँ । अति आनन्दमय जीवनको अनुभव गर्ने मौका पाएँ ।

शिविरमा उल्लेखित तालिका अनुसार हामीले आफ्नो दैनिक चर्या बिताउनु पर्थ्यो । सो तालिका अनुसार बिहान ४:३० बजे उठी ध्यानभावना, बुद्धपूजा, भन्ते गुरुमांहरूबाट धर्मदेशना श्रवण गर्ने मौका पायौं ।

